आज मिति २०८० पुस १७ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ३४ औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |

CamScanner

## अन्य उपस्थिति

श्री जीवलाल ढकाल, अधिकृतस्तर आठौं, योजना शाखा प्रमुख
श्री अविनाश पन्थी, अधिकृतस्तर सातौं, प्रशासन शाखा प्रमुख
श्री हिङ्गाराम बस्याल, इन्जिनियर सातौं, पूर्वाधार शाखा प्रमुख
श्री शिव सापकोटा, अधिकृतस्तर सातौं, आर्थिक विकास शाखा प्रमुख
श्री अनिता काफ्ले, लेखापाल

३४औं कार्यपालिका बैठक/२०८० पुस १७

छलफलका विषय:-

१. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० वमोजिम कार्यक्रम संचालन प्रतिवद्धता सम्बन्धमा,

२. मित्र राष्ट्र भारत सरकारको वित्तिय सहयोगमा संचालित साना विकास परियोजना कार्यक्रमको प्रस्ताव सम्बन्धमा,

३. सार्वजनिक निजि साझेदारी अवधारणामा फोहरमैला व्यवस्थापन सम्वन्धमा,

४. प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धमा,

५. एम्बुलेन्स खरिद सम्बन्धमा।

देवचुली नगरपालिकाको चौतिसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

१. तेत्तिसौं कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने।

२. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० वमोजिमको कार्यक्रम संचालनमा सहभागी हुन कार्यविधिले तोके बमोजिमको शर्तको परिपालना गर्ने (नगरपालिकाको हकमा १ करोडसम्मको कार्यक्रमका लागि २५ प्रतिशत लागत साझेदारी) प्रतिवद्धता पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने।

३. नेपाल भारत विच भएको द्विपक्षीय सम्झौता बमोजिम मित्र राष्ट्र भारत सरकारको वित्तिय सहयोगमा संचालित साना विकास परियोजना कार्यक्रमका लागि प्रस्ताव माग भइ आएकोले देवचुली वडा नं. १, १०, १३, १४, १५ र १७ मा वन्यजन्तुले कृषियोग्य जमिन र त्यसमा भएको वालीनालीमा क्षति पुऱ्याएको हुँदा सो क्षति कम गर्न र मानव तथा वन्यजन्तु बीचको द्वन्द निवारणका लागि जोखिमयुक्त स्थानमा पक्की ढलान सहितको वाल र मेश जाली लगाउने योजना माग गर्ने। सो योजनाका लागि नियमानुसार गर्नुपर्ने २० प्रतिशत लागत सझेदारी गर्ने प्रतिवद्धता सहित मानव, कृषिबाली, खेतीयोग्य जमिन र वन्यजन्तु बीच हुने द्वन्द निवारणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् भारतीय राजदुतावासमा योजनाको प्रस्ताव पेश गरिदिनका लागि अनुरोध गर्ने।

४. यस कार्यालयबाट २०८०/०६/०८ मा सार्वजनिक निजि साझेदारीको अवधारणामा फोहरमैला व्यवस्थापन कार्यको लागि सूचना प्रकाशित भई बोलपत्र आव्हान भएकोमा प्राप्त बोलपत्र बोलपत्र मूल्याङ्कन समितिमा मूल्याङ्कन भई प्राप्त मूल्याङ्कन प्रतिवेदनका आधारमा कार्यालयबाट

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत TOR तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरेको मूल्याङ्कनका आधारमा तात्विक फरक देखिनुका साथै TOR मा उल्लेखित दररेट देवचुली नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८० भन्दा फरक देखिएको हुँदा सो प्रस्ताव रद्ध गर्ने।

५. देवचुली नगरपालिका नगर कार्यपालिकाको ३३औं कार्यपालिकाको निर्णयबाट ५ वटा योजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने भनिएकोमा थप दुई योजनाको समेत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने, सो कार्यको भुक्तानी बजेट शिर्षक नं. १०७ बाट गर्ने।

   क. बौलाहा खोला (राजमार्ग देखि दक्षिण)।

   ख. मुण्डे-कुमसोत सडक खण्ड।

६. यस कार्यालय र अग्नी इन्कर्पोरेट प्रा.लि., काठमाण्डौ-३, पानीपोखरी बीच २०८०/०८/०६ मा भएको सम्झौता बमोजिमको Mahimdra 4WD Ambulance Type-B आपूर्तिका लागि अग्रिम रुपमा उपलब्ध गराउनु पर्ने रकम २० लाख ८ हजार १ सय रुपैया उपलब्ध गराउने।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत